बैठक मिति: २०८२/११/२९

बैठक संख्या: १३

<u>छलफल तथा निर्णयहरु:</u>

१. सम्मानित सर्वोच्च अदालतको च.नं. ५०४, मिति २०८२/११/२५ को पत्रबाट लेखी आए बमोजिम अदालतको निर्माणाधिन भवनको Interior कार्य लागि अर्थ मन्त्रालयमा बहुवर्षीय श्रोत सुनिश्चितताको लागि सहमति प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा बहुवर्षीय आयोजनाको श्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ को दफा ४ मा ऐ. मापदण्डको दफा ३ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा आयोगले बहुवर्षीय श्रोत सहमति प्रदान गर्न उपयुक्त देखेमा श्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने व्यवस्था रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट प्राप्त कागजातको अध्ययन गर्दा दफा ३ बमोजिमका आधारहरु पुरा भएको नदेखिएको साथै सोही मापदण्डको दफा ५ मा नागरिक सरोकार तथा सेवा प्रवाहको दृष्टिकोटले अति आवश्यक वा संवेदनशील सालवसाली वा चालु प्रकृतिको आयोजना वा कार्यक्रमका लागि बहुवर्षीय खरिदको सहमति माग भएकोमा दफा ३ बमोजिमका कागजात तथा विवरण आवश्यक नपर्ने भनी लेखाउत्तरदायी अधिकृतले कुल लागत र बार्षिक मागको पूर्वानुमान सहितको विवरण यकिन गरी सिफारिस गरेमा श्रोत सहमति दिन बाधा पर्ने छैन भन्ने व्यवस्था उल्लेख रहेको देखिदा सम्मानित सर्वोच्च अदालतमा हाल उल्लिखित अवस्था विद्यमान रहेको भएमा बहुवर्षीय आयोजनाको श्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ बमोजिम सम्मानित सर्वोच्च अदालतबाट अर्थ मन्त्रालयसंग समन्वय गर्न उपयुक्त हुने व्यहोरा लेखी पठाउने।

२. नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा सहज र दिगो स्तरोन्नतिका लागि कार्यान्वयनमा रहेको सहज स्तोनन्ति रणनीति कार्यान्वयनको प्रगति समिक्षा प्रतिवेदन (Nepal, Progress Review Report on Nepal's LDC Graduation Smooth Transition Strategy) स्वीकृत गरी आयोगको वेवसाइटमा प्रकाशित गर्ने।

३. नेपालमा अतिकम विकसित राष्ट्रका लागि दोहा कार्ययोजना (२०२२-२०३१) कार्यान्वयन सम्बन्धी मध्यावधी समिक्षा प्रतिवेदन (Nepal, National Report on the Implementation of the Doha Programme of Action) स्वीकृत गरी परराष्ट्र मन्त्रालयमार्फत सयुक्त राष्ट्रसंङ्घको सम्बन्धित निकायमा प्रेषित गर्ने।

२०८२।११।२५

२०८२।११।२५